**मिति २०८२।०७।२४ गते विपदको क्षेत्रमा क्रियाशिल सरकारी तथा गैरसरकारी संघ/संस्थाहरु संगको समन्वय बैठकका निर्णयहरु:-**

१. जिल्लामा विपद् व्यवस्थापनको क्षेत्रमा संलग्न सबै संघ/संस्थाहरूले आफ्नो कार्यक्षेत्र र जिम्मेवारी सहितको अद्यावधिक विवरण तयार गरी जिल्ला प्रशासन कार्यालयमा पठाउने।

२. दोहोरो कार्यक्रम तथा खर्च रोक्न विपद्संग सम्वन्धित सबै क्रियाकलापहरू DDMC संग समन्वय गरेर मात्र संचालन गर्न विपद्संग सम्वन्धित संघ/संस्थाहरूलाई निर्देशन दिने ।

३. नेपाल रेडक्रस सोसाइटीले स्थानीय तहसँगको समन्वयमा चिसो प्रभावित परिवार पहिचान गरी राहत सामाग्री (कम्बल, कपडा, टेन्ट आदी) वितरण योजना जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा अगाडी बढाउने।

४. नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीय युवा समूहहरुलाई खोज, उद्धार, सामाग्री एवं तालिम उपलब्ध गराउन गैर सरकारी संघ/संस्थालाई अनुरोध गर्ने।

५. आकस्मिक स्वास्थ्य सेवाका लागि स्वास्थ्य संस्थाहरुमा आवश्यक औषधी तयारी अवस्थामा राख्ने ।

जनार्दन गौतम
प्रमुख जिल्ला अधिकारी